गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय,**
**बागलुङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

**आर्थिक वर्ष: ५ अंक: ४४ महिना: ४४ श्रावण २०८३**

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा श्रावण महिनामा सम्पादीत कार्यक्रम

### Continue Public Health Education (CPHE)

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजनामा मिति २०८३/०४/५ गते Continue Public Health Education (CPHE) कार्यक्रम सम्पन्न गरिएको छ। आ.व. २०८२/८३ का तथ्यांक सुधारका लागि Data Verification Tool utilization सम्बन्धी क्षमता अभिवृद्धि गर्ने तथा तथ्यांक गुणस्तर सम्बन्धि अध्ययन गरि गुणस्तर सुधारका लागि स्थानिय तह तथा स्वास्थ्य संस्थालाई पृष्ठपोषण गर्ने उद्देश्यले संचालन गरिएको उक्त कार्यक्रमको सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री अनुशा शर्मा तथा वरिष्ठ क्षयकुष्ठ निरिक्षक श्री देवप्रकाश घिमिरेले गर्नुभएको थियो।





### डेंगी तथा अन्य किटजन्य रोगहरुको रोकथाम तथा नियन्त्रणको लागी बहुक्षेत्रीय समन्वय र जनचेतना मूलक कार्यक्रम तथा समन्वय बैठक

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना मिति २०८३।०४।२० गतेका दिन डेंगी तथा अन्य किटजन्य रोगहरुको रोकथाम तथा नियन्त्रणको लागी बहुक्षेत्रीय समन्वय र जनचेतना मूलक कार्यक्रम तथा समन्वय बैठक सम्पन्न भएको छ। जिल्ला प्रशासन कार्यालय बागलुङका प्रमुख जिल्ला अधिकारी, बागलुङ नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत, धौलागिरी प्रादेशिक अस्पताल बागलुङ, धौलागिरी आयुर्वेद अस्पताल बागलुङ, जिल्ला प्रहरी कार्यालय बागलुङ, शिक्षा विकास तथा समन्वय इकाइ बागलुङ, उद्योग वाणिज्य संघ, नेपाल पत्रकार महासंघ बागलुङ, उपभोक्ता मंच बागलुङ, बागलुङ नगरपालिकाका वडा अध्यक्ष, टोल विकास समितिका अध्यक्ष, बागलुङ नगरपालिका स्वास्थ्य शाखा, महिला सामुदायिक स्वास्थ्य स्वयमसेवीकाहरु,

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको सम्पूर्ण टिम तथा अन्य सरोकारवाला निकायहरुको सहभागीता रहेको बैठक प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख प्रविण शर्माको अध्यक्षतामा सम्पन्न भएको छ। यस बैठकमा बागलुङ जिल्लाका विभिन्न पालिका तथा वडाहरुमा डेंगीका बिरामी बढ्दो अवस्थामा रहेकाले यस हप्ता देखी अव आउने ८ हप्ता सम्मा हरेक हप्ता १ दिन १ घण्टा डेंगी सम्बन्धि लार्भा खोज र नष्ट गर अभियान सचेतना कार्याक्रम तथा विद्यालय स्वास्थ्य शिक्षा एंव जनचेतना कार्यक्रमहरु संचालन गर्ने निर्णय गरिएको थियो। यसै कार्यक्रमको निर्णय अनुसार मिति २०८३।०४।२१ गतेका दिन समिट चोकबाट बागलुङ बजारमा खोज र नष्ट गर अभियान तथा सचेतना कार्यक्रम सम्पन्न गरिएको छ।






**डेंगी रोगको रोकथामका लागि खोज र नष्ट कार्यक्रमका केहि झलक**












## बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा श्रावण महिनामा सम्पादित कार्यक्रम

### बागलुङ नगरपालिका

- स्वास्थ्य कार्यक्रमहरूको समीक्षा बैठक सम्पन्न।
- न्यूनतम सेवा मापदण्ड सम्बन्धी पारस्परिक अध्ययन अवलोकन कार्यक्रम सम्पन्न ।
- स्तनपान सप्ताह सम्पन्न।
- स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिको अभिमुखीकरण तालिम सम्पन्न।
- डेङ्गु रोग नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोजेर नष्ट गर कार्यक्रम सम्पन्न।

### गलकोट नगरपालिका

- गलकोट नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था तथा शाखाले सम्पन्न गरेका कार्यक्रम तथा प्रदान गरेका सेवाहरुको विवरण समेटिएको संक्षिप्त समिक्षा तथा आ व २०८३।०८४ को बार्षिक कार्ययोजना निर्माण सम्बन्धि छलफल।
- राष्ट्रिय खोप कार्यक्रमको सुक्ष्म योजना प्रतिवेदन निर्माण तथा पेश।

- राष्ट्रिय खोप कार्यक्रमको सूक्ष्म योजना प्रतिवेदन निर्माण तथा पेश।
- महिला स्वास्थ्य स्वयंसेविकाहरूको मासिक समीक्षा बैठक कार्यक्रम सम्पन्न।




- स्तनपान सप्ताहको अवसरमा समुदाय स्तरमा सुनौलो हजार दिनका आमा तथा अभिभावकहरुबिच छलफल तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- गलकोट नगरपालिकाको आयोजनामा विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई नसर्ने रोगको पहिचानका लागि ल्याव परिक्षण तथा विशेषज्ञ सेवा सहितको शिविर कार्यक्रम सम्पन्न।
- गलकोट नगरपालिकाको आयोजनामा तथा सम्बोधन परियोजनको सहकार्य र इलाका प्रहरि कार्यालय हरिचौर र लायन्स क्लबसँगको समन्वयमा Hospital Disaster Response Drill तथा कार्य योजना निर्माण।
- नियमीत ग्रामीण भिडियो एक्सरे सेवा कार्यक्रम संचालन ।
- विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत IFA Tablet distribution गरिएको छ ।
- डेङ्गु रोग नियन्त्रणको लागी लामखुट्टेको लार्भा खोज र नष्ट गर कार्यक्रम अन्तर्गत समुदाय तथा विद्यालय स्तरमा अभिमुखिकरण कार्यक्रम सम्पन्न ।
- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको जिन्सी निरिक्षण कार्यक्रम संचालन ।
- काँडेबाँस स्वास्थ्य चौकीमा गलकोट नगरपालिकाको आयोजना तथा नेपाल गाजा डेभलपमेन्ट फाउन्डेसनको सहकार्यमा कर्मचारीहरू तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि "गुणस्तरीय स्वास्थ्य सेवाका लागि आफ्नै पहल, साथ" अभिमुखीकरण कार्यक्रम सम्पन्न।

## जैमिनी नगरपालिका

- अगष्ट १-७ सम्म मनाइने विश्व स्तनपान सप्ताह " दिगो जीवनको स्वस्थ सुरुवातः प्रभावकारी स्तनपानको लागि सबैको साथ" भन्ने मुल नाराका साथ स्तनपायी आमाहरु, गर्भवती साथै बच्चा हेरालु अभिभावकहरुको उपस्थितिमा स्तानपान सम्बन्धी विषयमा कार्यक्रम गरि मनाइयो ।
- डेंगु खोज तथा नष्ट अभियान अन्तर्गत समुदायमा लामखुट्टेको प्रजननस्थल खोजी तथा नष्ट गर्ने,

## ढोरपाटन नगरपालिका

- असार महिनाको स्वास्थ्य कार्यक्रमहरूको मासिक समीक्षा बैठक सम्पन्न।
- विद्यालयहरुमा अध्यन्नरत किशोरिहरुको लागि IFA Tablet distribution।
- सबै स्वास्थ्य संस्थाहरुले समुदाय स्तरमा स्तनपान सप्ताह कार्यक्रम संचालन।
- सबै स्वास्थ्य संस्थाहरुको जिन्सी निरिक्षण सम्पन्न।

सरसफाइ गर्ने तथा डेंगी रोग सम्बन्धी जनचेतनामूलक कार्यक्रमको थालनी ।

- सवारी चालकहरुको स्वास्थ्य परीक्षण तथा सुरक्षित यात्रा एवं सडक दुर्घटना न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम जैमिनी १, जैमिनीघाटमा सम्पन्न गरी ६० सवारी चालकको स्वास्थ्य परिक्षण गरिएको ।
- स्वास्थ्य संस्थाहरुमा जिन्सी निरिक्षण सम्पन्न ।
- विद्यालयहरुमा डेङ्गु रोग सम्बन्धि सचेतना ।
- सुरक्षित मातृत्व कार्यक्रम केन्द्रित भई असार महिनाको नियमित डाटा भेरिफिकेशन तथा मासिक समिक्षा तथा सुरक्षित मातृत्व कार्यक्रमको सम्पन्न।
- औषधीहरुको भौतिक गणना तथा वितरण योजना सम्पन्न ।
- NGDF, Fairmed संगको सहार्यमा वोवाङ स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिको अभिमुखीकरण।
- डेङ्गु रोग नियन्त्रणको लागि सरोकारवालाहरुको अभिमुखिकरण कार्यक्रम।
- डेङ्गु रोग नियन्त्रणको लागि बुर्तिबाङ, वोवाङ तथा अन्य क्षेत्रहरुमा लामखुट्टेको लार्भा खोजेर नष्ट गर कार्यक्रम संचालन।
- राष्ट्रिय खोप कार्यक्रमको सूक्ष्म योजना प्रतिवेदन तयारी तथा पेश।

## निसिखोला गाउँपालिका

- सस्था प्रमुख सहित संस्थाबाट १ जना नर्सिङ कर्मचारी समेत समावेश गरी मासिक समिक्षा बैंठक संचालन गरिएको।
- खोपको सुक्ष्म योजना तयार गरि पठाइएको ।
- स्तनपान सप्ताह मनाइएको ।
- विद्यालयहरुमा किशोरीलाई आइरन वितरण गरिएको।
- डेङ्गु रोग नियन्त्रण का लागि बासस्थान खोज र नस्ट कार्यक्रम संचालन गरिएको ।
- स्वास्थ्यकर्मीहरुका लागि pams v2 सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिएको।
- स्वास्थ्य सस्थाको जिन्सी निरीक्षण गरिएको ।
- विभिन्न विषयमा बिधालय स्वास्थ्य शिक्षा सन्चालन गरिएको।

## बडीगाड गाउँपालिका

- २०८३ असार महिनाको स्वास्थ्य कार्यक्रमको मासिक समीक्षा बैठक संचालन गरिएको।
- डेङ्गु रोग नियन्त्रणको लागि समुदाय तथा विद्यालयहरुमा स्वास्थ्य शिक्षा संचालन गरिएको।
- विद्यालयहरुमा अध्यन्नरत किशोरिहरुको लागि IFA Tablet वितरण गरिएको।
- समुदाय स्तरमा स्तनपान सप्ताह कार्यक्रम संचालन गरिएको।
- राष्ट्रिय खोप कार्यक्रमको सूक्ष्म योजनाको प्रतिवेदन गरिएको।

## काठेखोला गाउँपालिका

- असार महिनाको स्वास्थ्य कार्यक्रमहरूको मासिक समीक्षा बैठक सम्पन्न गरिएको ।
- प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ र NGDF Sambodhan परियोजना बागलुङको सहयोगमा बिहुँ, पाला, लेखानी, भिमापोखरा र रेश स्वास्थ्य चौकीमा न्यूनतम स्वास्थ्य सेवा मापदण्ड (MSS) मुल्यांकन अनुगमन कार्यक्रम सम्पन्न गरिएको ।

## बरेङ गाउँपालिका

- चालु आ व को कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गरिएको ।
- खोप सुक्ष्मयोजना प्रदेश जनस्वास्थ्य कार्यालयमा पेश गरिएको।
- वडा नं १, ३, ४ र ५ का स्वास्थ्य संस्थाहरुको जिन्सी निरीक्षण सम्पन्न गरिएको।

- राष्ट्रिय खोप कार्यक्रमको सुक्ष्म योजना तयारी तथा प्रतिवेदन पेश गरिएको ।
- विद्यालयमा अध्ययनरत किशोरीहरुलाई IFA वितरण गरिएको ।
- समुदाय तथा विद्यालमा डेंगु रोग सम्बन्धि सचेतनात्मक स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको ।
- स्वास्थ्य संस्थाहरुको कार्ययोजना तथा वार्षिक प्रतिवेदन निर्माण गरिएको ।
- स्तनपान सप्ताहमा विविध कार्यक्रम संचालन गरिएको ।
- मृगौला तथा क्यान्सर रोगीहरुको विवरण आध्यावधिक विद्यालयका छात्रा तथा किशोरीहरुलाइ IFA वितरण सुरुवात गरिएको।




## तमानखोला गाँउपालिका

- स्वास्थ्य कार्यक्रमहरूको मासिक समीक्षा , डाटा भेरिफिकेसन तथा भ्यालिडेसन गरिएको ।
- स्वास्थ्य आमा समूहहरुमा अन्तरकृयात्मक कार्यक्रम गरी विश्व स्तनपान सप्ताह मनाईएको ।
- वडा नम्बर १ र २ को घुम्टी बस्तीमा एकिकृत स्वास्थ्य शिविर सञ्चालन गरिएको ।
- विद्यालय स्वास्थ्य शिक्षा सहित किशोरीहरुलाई आइरन तथा फोलिक एसिड खुवाउने कार्यक्रमको पहिलो साइकल शुरुवात गरिएको ।
- खुङ्खानी स्वास्थ्य चौकी, नाबाङ आधार स्वास्थ्य सेवा केन्द्र र बोङ्गाखानी सामुदायिक स्वास्थ्य इकाईमा ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम संचालन गरिएको ।

## ताराखोला गाउँपालिका

- स्वास्थ्यका कार्यक्रमहरुको समिक्षा बैठक सम्पन्न गरिएको ।
- राष्ट्रिय खोप कार्यक्रमको सुक्ष्म योजना तथा प्रतिवेदन पेश गरिएको ।
- स्तनपान सप्ताह कार्यक्रम संचालन गरिएको ।
- नियमीत ग्रामीण भिडियो एक्सरे सेवा कार्यक्रम संचालन गरिएको ।
- विघालय स्वास्थ्य कार्यक्रम अन्तर्गत IFA Tablet distribution गरिएको ।
- डेङगु रोग नियन्त्रणको लागी लामखुट्टेको लार्भा खोज र नष्ट गर कार्यक्रम संचालन गरिएको ।


परिवारमा कसैलाई डेंगी लागेको छ भने
अन्य सदस्य कसरी जोगिने ?
यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने
अन्य सदस्यलाई डेंगी लाग्न नदिन
यी उपाय अपनाऔं:-


सङ्क्रमितलाई झुल भित्र मात्र
आराम गराउने वा सुताउने
लामखुट्टे धपाउन धूप, कोइल
वा लिक्विड बाल्ने
सङ्क्रमितको हेरचाहमा खटिंदा
पूरा बाहुला भएको लुगा लगाउने


घरभित्र लामखुट्टे छिर्न नदिन
घरको झ्याल ढोकामा जाली
लगाउने
घर वरपर पानी जम्न नदिने


छतमा तरकारी खेती गर्दा
पानी जम्न नदिनुहोस्,
डेंगु लाई घर नदिनुहोस !
ओ हेल्लो, के छ खबर ?
यो टायर यस्तै फोहोर गर्दै राख है,
मलाई डेंगु सार्न
मज्जा आउँछ
सफा छत,
सुरक्षित परिवार
डेंगु रहित
समुदाय
टायरमा जम्मा पानी,
डेंगुको पानी !
टायरमा जम्मा पानी तत्काल निकालौं ।
प्रयोग नभएका टायर छोपेर राखौं वा भित्र राखौं ।
टायरलाई ठाडो वा सुख्खा स्थानमा व्यवस्थित राखौं ।
टायर प्रयोगमा नल्याउने भएमा प्वाल पारौं ।
छतको जथाभावी सामान हटाऔं, सफा राखौं ।
सफा वातावरण, स्वस्थ जीवन – डेंगु नियन्त्रणमा हाम्रो अभियान !
हरेक हप्ता 10 मिनेट – सरसफाइमा जुटौं, डेंगु भगाऔं !


World Health Organization
Nepal
के तपाईँ बाढीको जोखिम क्षेत्रमा बस्नुहुन्छ ?
वर्षायाममा सावधान रहनुहोस्
स्थानीय अधिकारीहरुको सल्लाह सुझाव पालना गर्नुहोस्
RISK
आफ्ना जोखिमहरु बारे जानकार रहनुहोस्
रोकथाम तथा सुरक्षाका उपायहरु अपनाउनुहोस्


World Health Organization
Nepal
यदि तपाईँ बाढी गएको क्षेत्र वा त्यसको नजिकमा हुनुहुन्छ भने यी जोखिमहरुबाट सावधान रहनुहोस् :
बाढीको पानीमा डुब्ने (वा बग्ने)
करेन्ट लाग्ने वा बिजुलीको झट्का लाग्ने
पानीजन्य रोग
खाद्यजन्य रोग
किटजन्य रोग
सर्पदंश


World Health Organization
Nepal
के तपाईँ बाढी गएपछि घर प्रवेश गर्दै हुनुहुन्छ ?
सफा गर्न नसकिने वा नमिल्ने सामानलाई फोहोर व्यवस्थापन गर्नुहोस् ।
बाढीको पानीको सम्पर्कमा आएका सबै सामान तथा वस्तुहरु राम्रोसँग धुनुहोस् र सफा गर्नुहोस् ।
घरका झ्याल, ढोका, भित्ता र भुईँ साबुन पानी वा निसंक्रमण गर्ने झोलले सफा गर्नुहोस् ।
बाढीको बेला सर्पहरु घर भित्र पस्न सक्ने हुँदा होसियार रहनुहोस् ।


World Health Organization
Nepal
के तपाईँ बाढी गएको क्षेत्रमा हुनुहुन्छ ?
बाढी गएको क्षेत्रमा नहिँड्नुहोस् र सवारी साधन नगुडाउनुहोस्
करेन्ट लाग्ने वा बिजुलीको झट्का लाग्न नदिन पानी भएको ठाउँमा नउभिनुहोस्

# August 1-7: Breast Feeding Week
















डेंगु संक्रमण
रोकथाम तथा नियन्त्रण अभियान
सावधानी अपनाऔं, डेंगुबाट बचौं, स्वस्थ रहौं
डेंगु नियन्त्रणका लागि
हाम्रो सानो प्रयास,
समुदायको ठूलो सुरक्षा !
सरकारी कार्यालय
अनुरोध
डेंगु संक्रमण रोकथाम तथा नियन्त्रण अभियान अन्तर्गत
जिल्ला स्थित सबै सरकारी कार्यालयहरूलाई
हरेक शुक्रबार १ घण्टा
कार्यालय परिसर सरसफाई अभियान
संचालन गर्न हार्दिक अनुरोध गर्दछौं ।
समय
१ घण्टा
हरेक शुक्रबार
कार्यालय परिसर सरसफाईका फाइदाहरू
डेंगुको प्रजनन स्थल नष्ट हुन्छ ।
कार्यालय वातावरण सफा, सुन्दर र स्वस्थ बनाउँछ ।
कर्मचारीमा जिम्मेवारी र अपनत्व भाव विकास हुन्छ ।
रोगको जोखिम घटछ, स्वास्थ्यमा सुधार हुन्छ ।
हाम्रो स-साना प्रयासले समुदायलाई सुरक्षित बनाउँछ ।
के गर्ने ?
पानी जम्ने सम्भावित सबै स्थानहरूको पहिचान गरी सफा गर्ने ।
फूलदानी, गमला, टायर, बौतल, ड्रम आदि उँधो/छोपेर राख्ने वा सफा गर्ने ।
नाला, ढल, छत, कूलर र पानी टयाङ्की नियमित रूपमा सफा गर्ने ।
फोहोर व्यवस्थापन गरी कार्यालय परिसर सफा राख्ने र अरूलाई पनि प्रेरित गर्ने ।
सफा कार्यालय, स्वस्थ कर्मचारी, डेंगु मुक्त समाजको हाम्रो प्रतिबद्धता

# आ.व. २०८३/८४ को बागलुङ जिल्लामा डेंगु बिरामीको विवरण

**Report #4**
Date: 31st Shrawan 2083

**"सावधानी अपनाऔं, डेंगुवाट बचौं, स्वस्थ रहौं"**

## स्थानीय तह अनुसार डेंगु बिरामी संख्या

| S.N. | Local Level | Number of Dengue Patients |
|---|---|---|
| 1 | Baglung Municipality | 329 |
| 2 | Jaimini Municipality | 16 |
| 3 | Galkot Municipality | 40 |
| 4 | Dhorpatan Municipality | 12 |
| 5 | Kathekhola Rural Municipality | 26 |
| 6 | Badigad Rural Municipality | 3 |
| 7 | Bareng Rural Municipality | 1 |
| 8 | Tarakhola Rural Municipality | 2 |
| 9 | Nisikhola Rural Municipality | 4 |
| 10 | Tamankhola Rural Municipality | 2 |
| 11 | Individuals from Other Districts | 25 |
| | Total | **460** |

## डेंगु बारे महत्वपूर्ण जानकारी

**डेंगु के हो?**
डेंगु Aedes जातको लामखुट्रेको टोकाइबाट सर्ने भाइरल रोग हो ।

**लक्षणहरू**
उच्च ज्वरो, टाउको दुख्ने, आँखा दुख्ने, शरीर दुख्ने, वाकवाकी वा बान्ता, दाना आउनु ।

**गम्भीर लक्षण (चेतावनी संकेत)**
पेट दुख्ने, लगातार बान्ता, रगत बगनिक्किो महसास, वा गिजाबाट रगत बग्ने, दिशा कालो हुन, धेरै निदाउन् ।

**कसरी सर्छ?**
संक्रमित Aedes लामखुट्रेको बिहान र बेलुका मानिसलाई टोकोर डेंगु फैलाउँछ ।

**उपचार**
डेंगुको लागि विशेष एविटिथाइरल औषधि हुँदैन । लक्षण अनुसार उपचार र पर्याप्त आराम, झोल पदार्थ पिउने ।

**डाक्टर कहाँ जाने?**
उच्च ज्वरो र दिन विनत बढी रहिरहेमा, रगत बगने वा गम्भीर लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

**! डेंगु सबै ठाउँमा फैलिन सक्छ, सचेत रहौं, आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।**

## डेंगु के हो ?

डेंगु एक संक्रमिक लामखुट्रेदे (Aedes) को टोकाईबाट सर्ने रोग हो ।

## डेंगुका लक्षणहरू




## डेंगु रोकथामका उपाय

- घर वरपर पानी जम्मा हुन नदिनुहोस् ।
- कुला, गमला, टायर, बौतल आदिमा पानी जम्मा नदिनुहोस् ।
- साप्ताहिक रूपमा पानी राख्ने भाँडाहरू सफा गर्नुहोस् ।
- पूरा शरीर ढाक्ने लुगा लगाऔं ।
- मच्छरदानी प्रयोग गरौं ।
- लामखुट्रे भगाउने सामग्री (repellent) प्रयोग गरौं ।

STOP DENGUE

**हाम्रो सानो सावधानी, "डेंगु मुक्त समाजको न्यारेन्टी"**



डेंगु नियन्त्रण, सबैको सहभागिता | मेरो घर, मेरो जिम्मेवारी | सफा वातावरण, स्वस्थ जीवन | सबै नागरिकको पहिचान

**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**
गण्डकी प्रदेश, नेपाल

## सुझाव र प्रतिक्रियाका लागि

baglungdho@gmail.com

hobaglung.gandaki.gov.np

068-520308

प्रकाशित मितिः भाद्र १, २०८३